नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

आ.व.२०८०/८१ को प्रादेशिक कुल गार्हस्थ्य उत्पादन अनुमानसम्बन्धी

प्रेस नोट

१. परिचय

अर्थतन्त्रका विविध पक्षलाई मापन गरी आर्थिक नीति निर्माण गर्न तथा आर्थिक विकासका गतिविधिको अनुगमन तथा मूल्यांकन गर्नका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले नियमित रुपमा राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादन लगायत समष्टिगत आर्थिक सूचक तथा त्यससँग सम्बन्धित तथ्याङ्क विगत छ दशकदेखि निरन्तररूपमा सार्वजनिक गर्दै आएको छ। यसै क्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयले चालु आर्थिक वर्ष २०८० ८१/को वार्षिक राष्ट्रिय लेखाका प्रारम्भिक अनुमान प्रकाशन गरिसकेको छ।छ। यी अनुमानहरू राष्ट्रिय लेखा प्रणाली (System of National Accounts, 2008) को मार्गदर्शन अनुशरण गरी तयार गरिएको छ। यसैगरी अन्तर्राष्ट्रिय स्तरीय औद्योगिक वर्गीकरणको चौथो संस्करण (NSIC rev 4) अनुसारका २१ ओटा औद्योगिक क्षेत्रहरूमध्ये २० ओटा क्षेत्रलाई १८ ओटा समूहमा समावेश गरी राष्ट्रिय तहका कुल मूल्य अभिवृद्धि अनुमान गरिएको छ।

देशको शासन प्रणालीमा भएको परिवर्तन पश्चात् प्रादेशिक तहमा भएको आर्थिक गतिविधिको मापन गर्न र प्रदेशमा देखिएका सामाजिक तथा आर्थिक विभेदलाई न्यून गर्न आवश्यक नीति निर्माण गर्न र विकासका गतिविधिलाई प्रभावकारी बनाउन प्रदेशस्तरको कुल गार्हस्थ्य उत्पादन अत्यावश्यक हुन्छ। यही विषयलाई हृदयाङ्गम गर्दै कार्यालयले समष्टिगत आर्थिक सूचकमध्येको महत्वपूर्ण सूचक प्रदेशस्तरको कुल गार्हस्थ्य उत्पादनको अनुमान गर्ने कार्य आ.व. २०७५/७६ देखि शुरु गरेको थियो। यही क्रमको निरन्तरता स्वरूप आ.व. २०८०/८१ का लागि प्रदेशस्तरको कुल गार्हस्थ्य उत्पादन लगायतका केही प्रमुख आर्थिक सूचक निर्माण गरी प्रकाशन गरिएको छ। प्रादेशिक राष्ट्रिय लेखा अनुमानका लागि विश्व प्रचलित विधि - Top-down पद्धतिको अनुशरण गरिएको छ। जसअनुसार उत्पादन पद्दती अनुरूप राष्ट्रिय तहमा अनुमान गरिएको प्रत्येक औद्योगिक क्षेत्रको कुल मूल्य अभिवृद्धिलाई उपयुक्त सूचकका आधारमा विभाजन गरी प्रदेश तहको कुल मूल्य अभिवृद्धि अनुमान गरिएको छ। सम्पूर्ण औद्योगिक क्षेत्रको कुल मूल्य

अभिवृद्धिको योगफललाई प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (Provincial Gross Domestic Product – PGDP) को रूपमा प्रस्तुत गरिएको छ।

प्रादेशिक अनुमान प्रचलित मूल्य र स्थिर मुल्य दुवैमा मापन गरी सार्वजनिक गरिएको छ। प्रचलित मूल्यको कुल गार्हस्थ्य उत्पादनबाट अर्थतन्त्रको आकार अनुमान गरिन्छ भने स्थिर मूल्यको कुल गार्हस्थ्य उत्पादनबाट आर्थिक वृद्धिदर अनुमान गरिन्छ। हाल प्रकाशित स्थिर मूल्यका अनुमान आ.व. २०६७/२०६८ को मूल्यमा आधारित छन्।

राष्ट्रिय लेखा अनुमान गर्ने क्रममा चालु आ.व. २०८०/८१ का लागि पहिलो छ देखि नौ महिनासम्मका उपलब्ध आँकडा तथा सूचना प्रयोग गरी बाँकी अवधिको अवस्था सामान्य रहने अपेक्षा सहित तथ्याङ्कीय विधिबाट राष्ट्रिय लेखाका प्रारम्भिक अनुमान तयार गरिएको छ। त्यसैगरी उपलब्ध तथ्याङ्कका आधारमा अघिल्लो आ.व. २०७९/८० को संशोधित अनुमान र त्योभन्दा अघिल्लो आ.व. २०७८/७९ को अन्तिम तथ्याङ्क सार्वजनिक गरिएको छ।

२. अर्थन्त्रको आकार र प्रादेशिक योगदान

चालु आ.व. २०८०/८१ मा राष्ट्रिय वार्षिक कुल गार्हस्थ उत्पादन उपभोक्ताको मूल्यमा करिब ५७ खर्ब ५ अर्ब हुने अनुमान गरिएकोमा बागमती प्रदेशले ३६.४ प्रतिशत, कोशी प्रदेशले १५.८ प्रतिशत, लुम्बिनी प्रदेशले १४.३ प्रतिशत, मधेश प्रदेशले १३.१ प्रतिशत, गण्डकी प्रदेशले ९.१ प्रतिशत, सुदुर पश्चिम प्रदेशले ७.१ प्रतिशत र कर्णाली प्रदेशले ४.३ प्रतिशत योगदान पुर्याउने प्रारम्भिक अनुमान रहेको छ। गत आ.व. २०७९/८० को संशोधित अनुमानबमोजिम कुल गार्हस्थ उत्पादनमा प्रादेशिक योगदान सिमान्त रूपमा मात्र परिवर्तन भएको छ। गत वर्षको तुलनामा कुल गार्हस्थ्य उत्पादनमा कोशी, मधेश, कर्णाली र सुदुर पश्चिमको योगदान सिमान्त रूपमा घटेको छ भने बाँकि प्रदेशको योगदान सिमान्त रूपमा बढेको छ। चालु आ.व. २०८०/८१ का लागि प्रारम्भिक अनुमान गरिएको प्रादेशिक अर्थतन्त्रको आकार चित्र १ मा प्रस्तुत गरिएको छ।

चित्र १ अर्थतन्त्रको आकार (आ.व. २०८०/८१)



२. प्रादेशिक आर्थिक वृद्धिदर

चालु आ.व. २०८०/८१ को प्रारम्भिक अनुमानबमोजिम उपभोक्ताको मूल्यमा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर सबैभन्दा धेरै (४.५५ प्रतिशत) गण्डकी प्रदेशमा र त्यसपछिको धेरै (४.०५ प्रतिशत) लुम्बिनी प्रदेशमा देखिन्छ। त्यसैगरी, सबैभन्दा थोरै वृद्धिदर (३.३९ प्रतिशत) कर्णाली प्रदेशमा हुने प्रारम्भिक अनुमान रहेको छ। उपभोक्ताको मूल्यमा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ३.८७ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएकोमा गण्डकी, लुम्बिनी र बागमती प्रदेशको राष्ट्रिय वृद्धिदरभन्दा धेरै र बाँकि प्रदेशको राष्ट्रिय वृद्धिदरभन्दा थोरै हुने प्रारम्भिक अनुमान रहेको छ। आ.व. २०८०/८१ को प्रारम्भिक अनुमान, आ.व. २०७९/८० को संशोधित अनुमान तथा आ.व. २०७८/७९ को अन्तिम तथ्याङ्कबमोजिमको प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर चित्र २ मा प्रस्तुत गरिएको छ। जसअनुसार सबै प्रदेशमा आ.व.

२०७८/७९ को वृद्धिदरभन्दा आ.व. २०७९/८० को वृद्धिदर कम देखिन्छ भने आ.व. २०७९/८० को वृद्धिदरभन्दा आ.व. २०८०/८१ को वृद्धिदर धेरै रहेको देखिन्छ।

चित्र २ प्रादेशिक कुल गार्हस्थ्य उत्पादन वृद्धिदर



३. औद्योगिक वर्गीकरणअनुसारको प्रादेशिक कुल मूल्य अभिवृद्धि तथा वृद्धिदर

औद्योगिक वर्गीकरण अनुसारको आर्थिक क्रियाकलापलाई हेर्दा गत आ.व. र यस आ.व.मा बागमती प्रदेश बाहेक सबै प्रदेशमा कृषि क्षेत्रको योगदान सबैभन्दा बढी देखिन्छ भने बागमती प्रदेशमा थोक तथा खुद्रा व्यापार क्षेत्रको योगदान सबैभन्दा बढी देखिन्छ । चालु आ.व. २०८०/८१ मा राष्ट्रिय तहमा दोस्रो हिस्सा ओगटेको व्यापार क्षेत्रले मधेश प्रदेशमा पनि दोस्रो हिस्सा नै ओगटेको देखिन्छ। त्यसैगरी, बागमती प्रदेशमा घरजग्गासम्बन्धी कारोवार तथा आफ्नै आवास सेवाको हिस्सा दोस्रो स्थानमा रहेको छ। कोशी, गण्डकी, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशमा सार्वजनिक प्रशासन र रक्षा क्षेत्रको योगदान दोस्रो स्थानमा रहेको देखिन्छ। बागमती र मधेश प्रदेश बाहेक सबै प्रदेशहरूको कुल गार्हस्थ्य उत्पादनमा प्रशासनिक सहयोगी सेवा क्रियाकलापको योगदान सबै भन्दा न्यून देखिन्छ भने बागमतीमा पानी आपुर्ती तथा फोहर

व्यवस्थापनसम्बन्धी क्रियाकलाप र मधेशमा खनिज तथा उत्खनन् क्रियाकलापको योगदान सबैभन्दा न्यून देखिन्छ।

चालु आ.व. २०८०/८१ को औद्योगिक वर्गीकरणअनुसार औद्योगिक क्षेत्रको कुल मूल्य अभिवृद्धि वृद्धिदर राष्ट्रिय तहमा आवास तथा भोजन सेवाको सबैभन्दा धेरै (२१.८४ प्रतिशत) रहने प्रारम्भिक अनुमान गरिएकोमा लुम्बिनी प्रदेश बाहेक अन्य सबै प्रदेशको सबैभन्दा धेरै वृद्धिदर यही क्षेत्रको रहने प्रारम्भिक अनुमान गरिएको छ। लुम्बिनी प्रदेशमा विद्युत क्षेत्रको वृद्धिदर सबैभन्दा धेरै देखिन्छ। त्यसैगरी सुदुरपश्चिम र कोशी प्रदेशमा उद्योग (Manufacturing) क्षेत्रको वृद्धिदर सबैभन्दा न्यून रहेको देखिन्छ भने अन्य प्रदेशमा निर्माण क्षेत्रको वृद्धिदर सबैभन्दा न्यून देखिन्छ। निर्माण क्षेत्रको वृद्धिदर सबै प्रदेशमा ऋणात्मक देखिन्छ भने उत्पादनमूलक उद्योग क्षेत्रको वृद्धिदर कर्णाली प्रदेश बाहेक अन्य प्रदेशमा ऋणात्मक देखिन्छ। राष्ट्रिय तहमा पनि यी दुई क्षेत्रको वृद्धिदर ऋणात्मक रहने प्रारम्भिक अनुमान गरिएको छ।

३.१ कोशी प्रदेश

कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा चालु आ.व. २०८०/८१ का लागि करिब रु. ९ खर्ब ३ अर्ब हुने प्रारम्भिक अनुमान गरिएको छ भने गत आ.व. २०७९/८० मा करिब रु. ८ खर्ब ४९ अर्ब रहने संशोधित अनुमान गरिएको छ। चालु आ.व. मा यस प्रदेशले राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा १५.८४ प्रतिशत योगदान पुर्याउने प्रारम्भिक अनुमान गरिएको छ। गत आ.व. २०७९/८० मा यस प्रदेशले १५.८८ प्रतिशत योगदान पुर्याउने संशोधित अनुमान रहेको छ। त्यसैगरी, यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर चालु आ.व. २०८०/८१ मा ३.५१ प्रतिशत हुने प्रारम्भिक अनुमान र गत आ.व. २०७९/८० मा २.१३ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। चालु आ.व. २०८०/८१ मा कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै (३२.८० प्रतिशत) योगदान कृषि, वन तथा मत्य क्षेत्रको रहने र सबैभन्दा न्यून (०.३२ प्रतिशत) योगदान प्रशासनिक सहयोगी सेवा क्षेत्रको रहने प्रारम्भिक अनुमान रहेको छ।गत आ.व. २०७९/८० मा पनि कृषि क्षेत्रको योगदान अग्रस्थान (३२.६८ प्रतिशत) मा हुने प्रारम्भिक अनुमान र प्रशासनिक सहयोगी सेवा क्षेत्रको योगदान अन्तिम स्थान (०.३१) मा रहने संशोधित अनुमान गरिएको छ। कोशी प्रदेशमा क्षेत्रगत रूपमा हेर्दा चालु आ.व. २०८०/८१ का लागि कुल मूल्य अभिवृद्धिको वृद्धिदर सबैभन्दा धेरै (२२.३२ प्रतिशत) आवास तथा भोजन सेवा क्षेत्रको र सबैभन्दा थोरै (-२.६७ प्रतिशत) उत्पादनमुलक उद्योग क्षेत्रको हुने प्रारम्भिक अनुमान गरिएको छ। त्यसैगरी, गत

आ.व. २०७९/८० का लागि कुल मूल्य अभिवृद्धिको वृद्धिदर सबैभन्दा धेरै (२६.३० प्रतिशत) विद्युत क्षेत्रको र सबैभन्दा थोरै (-२.९६ प्रतिशत) थोक तथा खुद्रा व्यापार र मोटर भेहिकल मर्मत क्षेत्रको रहने संशोधित अनुमान गरिएको छ।

३.२ मधेश प्रदेश

मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा चालु आ.व. २०८०/८१ का लागि करिब रु. ७ खर्ब ४८ अर्ब हुने प्रारम्भिक अनुमान गरिएको छ भने गत आ.व. २०७९/८० मा करिब रु. ७ खर्ब ३ अर्ब रहने संशोधित अनुमान गरिएको छ। चालु आ.व. मा यस प्रदेशले राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा १३.१२ प्रतिशत योगदान पुर्याउने प्रारम्भिक अनुमान गरिएको छ। गत आ.व. २०७९/८० मा यस प्रदेशले १३.१४ प्रतिशत योगदान पुर्याउने संशोधित अनुमान रहेको छ। त्यसैगरी, यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर चालु आ.व. २०८०/८१ मा ३.७८ प्रतिशत हुने प्रारम्भिक अनुमान र गत आ.व. २०७९/८० मा १.५० प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। चालु आ.व. २०८०/८१ मा मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै (३५.१९ प्रतिशत) योगदान कृषि, वन तथा मत्य क्षेत्रको रहने र सबैभन्दा न्यून (०.१५ प्रतिशत) योगदान खानी तथा उत्खनन् क्षेत्रको रहने प्रारम्भिक अनुमान रहेको छ। गत आ.व. २०७९/८० मा पनि कृषि क्षेत्रको योगदान अग्रस्थान (३४.८१ प्रतिशत) मा हुने प्रारम्भिक अनुमान र खानी तथा उत्खनन् क्षेत्रको योगदान अन्तिम स्थान (०.१६) मा रहने संशोधित अनुमान गरिएको छ। मधेश प्रदेशमा क्षेत्रगत रूपमा हेर्दा चालु आ.व. २०८०/८१ का लागि कुल मूल्य अभिवृद्धिको वृद्धिदर सबैभन्दा धेरै (२१.९५ प्रतिशत) आवास तथा भोजन सेवा क्षेत्रको र सबैभन्दा थोरै (-२.१९ प्रतिशत) निर्माण क्षेत्रको हुने प्रारम्भिक अनुमान गरिएको छ। त्यसैगरी, गत आ.व. २०७९/८० का लागि कुल मूल्य अभिवृद्धिको वृद्धिदर सबैभन्दा धेरै (१५.६९ प्रतिशत) विद्युत क्षेत्रको र सबैभन्दा थोरै (-३.३६ प्रतिशत) थोक तथा खुद्रा व्यापार र मोटर भेहिकल मर्मत क्षेत्रको रहने संशोधित अनुमान गरिएको छ।

३.३ बागमती प्रदेश

बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा चालु आ.व. २०८०/८१ का लागि करिब रु. २० खर्ब ७५ अर्ब हुने प्रारम्भिक अनुमान गरिएको छ भने गत आ.व.

२०७९/८० मा करिब रु. १९ खर्ब ३८ अर्ब रहने संशोधित अनुमान गरिएको छ। चालु आ.व. मा यस प्रदेशले राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा ३६.३६ प्रतिशत योगदान पुर्याउने प्रारम्भिक अनुमान गरिएको छ । गत आ.व. २०७९/८० मा यस प्रदेशले ३६.२२ प्रतिशत योगदान पुर्याउने संशोधित अनुमान रहेको छ। त्यसैगरी, यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर चालु आ.व. २०८०/८१ मा ३.९६ प्रतिशत हुने प्रारम्भिक अनुमान र गत आ.व. २०७९/८० मा १.७७ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। चालु आ.व. २०८०/८१ मा बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै (२१.५३ प्रतिशत) योगदान थोक तथा खुद्रा व्यापार, मोटर भेहिकल मर्मत क्षेत्रको रहने र सबैभन्दा न्यून (०.२८ प्रतिशत) योगदान पानी आपुर्ति तथा फोहर व्यवस्थापन क्षेत्रको रहने प्रारम्भिक अनुमान रहेको छ। गत गत आ.व. २०७९/८० मा पनि थोक तथा खुद्रा व्यापार, मोटर भेहिकल मर्मत क्षेत्रको योगदान अग्रस्थान (२१.९८ प्रतिशत) मा हुने प्रारम्भिक अनुमान र पानी आपुर्ति तथा फोहर व्यवस्थापन क्षेत्रको योगदान अन्तिम स्थान (०.३० प्रतिशत) मा रहने संशोधित अनुमान गरिएको छ। बागमती प्रदेशमा क्षेत्रगत रूपमा हेर्दा चालु आ.व. २०८०/८१ का लागि कुल मूल्य अभिवृद्धि वृद्धिदर सबैभन्दा धेरै (२०.९३ प्रतिशत) आवास तथा भोजन सेवा क्षेत्रको र सबैभन्दा थोरै (-२.७१ प्रतिशत) निर्माण क्षेत्रको हुने प्रारम्भिक अनुमान गरिएको छ। त्यसैगरी, गत आ.व. २०७९/८० का लागि कुल मूल्य अभिवृद्धि वृद्धिदर सबैभन्दा धेरै (१८.७० प्रतिशत) आवास तथा भोजन सेवा क्षेत्रको र सबैभन्दा थोरै (-२.९८ प्रतिशत) थोक तथा खुद्रा व्यापार र मोटर भेहिकल मर्मत क्षेत्रको रहने संशोधित अनुमान गरिएको छ।

३.४ गण्डकी प्रदेश

गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा चालु आ.व. २०८०/८१ का लागि करिब रु. ५ खर्ब १७ अर्ब हुने प्रारम्भिक अनुमान गरिएको छ भने गत आ.व. २०७९/८० मा करिब रु. ४ खर्ब ८४ अर्ब रहने संशोधित अनुमान गरिएको छ। चालु आ.व. मा यस प्रदेशले राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा ९.०६ प्रतिशत योगदान पुर्याउने प्रारम्भिक अनुमान गरिएको छ। गत आ.व. २०७९/८० मा पनि यस प्रदेशले ९.०६ प्रतिशत नै योगदान पुर्याउने संशोधित अनुमान रहेको छ। त्यसैगरी, यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर चालु आ.व. २०८०/८१ मा ४.५५ प्रतिशत हुने प्रारम्भिक अनुमान र गत आ.व. २०७९/८० मा ३.३० प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। चालु आ.व. २०८०/८१ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै (२५.७२ प्रतिशत) योगदान कृषि, वन तथा मत्य क्षेत्रको रहने र सबैभन्दा न्यून (०.३१ प्रतिशत) योगदान

प्रशासनिक सहयोगी सेवा क्षेत्रको रहने प्रारम्भिक अनुमान रहेको छ। गत गत आ.व. २०७९/८० मा पनि कृषि क्षेत्रको योगदान अग्रस्थान (२५.४३ प्रतिशत) मा हुने प्रारम्भिक अनुमान र प्रशासनिक सहयोगी सेवा क्षेत्रको योगदान अन्तिम स्थान (०.३१) मा रहने संशोधित अनुमान गरिएको छ। गण्डकी प्रदेशमा क्षेत्रगत रूपमा हेर्दा चालु आ.व. २०८०/८१ का लागि कुल मूल्य अभिवृद्धिको वृद्धिदर सबैभन्दा धेरै (२२.८४ प्रतिशत) आवास तथा भोजन सेवा क्षेत्रको र सबैभन्दा थोरै (-१.९६ प्रतिशत) निर्माण क्षेत्रको हुने प्रारम्भिक अनुमान गरिएको छ। त्यसैगरी, गत आ.व. २०७९/८० का लागि कुल मूल्य अभिवृद्धि वृद्धिदर सबैभन्दा धेरै (२१.९७ प्रतिशत) विद्युत क्षेत्रको र सबैभन्दा थोरै (-२.७६ प्रतिशत) थोक तथा खुद्रा व्यापार र मोटर भेहिकल मर्मत क्षेत्रको रहने संशोधित अनुमान गरिएको छ।

३.५ लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा चालु आ.व. २०८०/८१ का लागि करिब रु. ८ खर्ब १४ अर्ब हुने प्रारम्भिक अनुमान गरिएको छ भने गत आ.व. २०७९/८० मा करिब रु. ७ खर्ब ६४ अर्ब रहने संशोधित अनुमान गरिएको छ। चालु आ.व. मा यस प्रदेशले राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा १४.२६ प्रतिशत योगदान पुर्याउने प्रारम्भिक अनुमान गरिएको छ। गत आ.व. २०७९/८० मा यस प्रदेशले १४.२९ प्रतिशत योगदान पुर्याउने संशोधित अनुमान रहेको छ। त्यसैगरी, यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर चालु आ.व. २०८०/८१ मा ४.०५ प्रतिशत हुने प्रारम्भिक अनुमान र गत आ.व. २०७९/८० मा १.९९ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। चालु आ.व. २०८०/८१ मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै (२९.६३ प्रतिशत) योगदान कृषि, वन तथा मत्य क्षेत्रको रहने र सबैभन्दा न्यून (०.३४ प्रतिशत) योगदान प्रशासनिक सहयोगी सेवा क्षेत्रको रहने प्रारम्भिक अनुमान रहेको छ। गत गत आ.व. २०७९/८० मा पनि कृषि क्षेत्रको योगदान अग्रस्थान (२९.२७ प्रतिशत) मा हुने प्रारम्भिक अनुमान र प्रशासनिक सहयोगी सेवा क्षेत्रको योगदान अन्तिम स्थान (०.३३ प्रतिशत) मा रहने संशोधित अनुमान गरिएको छ। लुम्बिनी प्रदेशमा क्षेत्रगत रूपमा हेर्दा चालु आ.व. २०८०/८१ का लागि कुल मूल्य अभिवृद्धि वृद्धिदर सबैभन्दा धेरै (२८.९३ प्रतिशत) विद्युत क्षेत्रको र सबैभन्दा थोरै (-१.४३ प्रतिशत) उत्पादनमूलक उद्योग क्षेत्रको हुने प्रारम्भिक अनुमान गरिएको छ। त्यसैगरी, गत आ.व. २०७९/८० का लागि कुल मूल्य अभिवृद्धि वृद्धिदर सबैभन्दा धेरै

(२०.५७ प्रतिशत) विद्युत क्षेत्रको र सबैभन्दा थोरै (-३.१४ प्रतिशत) थोक तथा खुद्रा व्यापार र मोटर भेहिकल मर्मत क्षेत्रको रहने संशोधित अनुमान गरिएको छ।

३.६ कर्णाली प्रदेश

कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा चालु आ.व. २०८०/८१ का लागि करिब रु. २ खर्ब ४४ अर्ब हुने प्रारम्भिक अनुमान गरिएको छ भने गत आ.व. २०७९/८० मा करिब रु. २ खर्ब २९ अर्ब रहने संशोधित अनुमान गरिएको छ। चालु आ.व. मा यस प्रदेशले राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा ४.२८ प्रतिशत योगदान पुर्याउने प्रारम्भिक अनुमान गरिएको छ। गत आ.व. २०७९/८० मा पनि यस प्रदेशले ४.२८ प्रतिशत नै योगदान पुर्याउने संशोधित अनुमान रहेको छ। त्यसैगरी, यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर चालु आ.व. २०८०/८१ मा ३.३९ प्रतिशत हुने प्रारम्भिक अनुमान र गत आ.व. २०७९/८० मा १.९६ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। चालु आ.व. २०८०/८१ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै (२९.५१ प्रतिशत) योगदान कृषि, वन तथा मत्य क्षेत्रको रहने र सबैभन्दा न्यून (०.१७ प्रतिशत) योगदान प्रशासनिक सहयोगी सेवा क्षेत्रको रहने प्रारम्भिक अनुमान रहेको छ। गत गत आ.व. २०७९/८० मा पनि कृषि क्षेत्रको योगदान अग्रस्थान (२९.३२ प्रतिशत) मा हुने प्रारम्भिक अनुमान र प्रशासनिक सहयोगी सेवा क्षेत्रको योगदान अन्तिम स्थान (०.१६) मा रहने संशोधित अनुमान गरिएको छ। कर्णाली प्रदेशमा क्षेत्रगत रूपमा हेर्दा चालु आ.व. २०८०/८१ का लागि कुल मूल्य अभिवृद्धि वृद्धिदर सबैभन्दा धेरै (२२.५२ प्रतिशत) आवास तथा भोजन सेवा क्षेत्रको र सबैभन्दा थोरै (-१.०२ प्रतिशत) निर्माण क्षेत्रको हुने प्रारम्भिक अनुमान गरिएको छ। त्यसैगरी, गत आ.व. २०७९/८० का लागि कुल मूल्य अभिवृद्धि वृद्धिदर सबैभन्दा धेरै (२१.८७ प्रतिशत) विद्युत क्षेत्रको र सबैभन्दा थोरै (-२.३१ प्रतिशत) थोक तथा खुद्रा व्यापार र मोटर भेहिकल मर्मत क्षेत्रको रहने संशोधित अनुमान गरिएको छ।

३.७ सुदुरपश्चिम प्रदेश

सुदुरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा चालु आ.व. २०८०/८१ का लागि करिब रु. ४ खर्ब ४ अर्ब हुने प्रारम्भिक अनुमान गरिएको छ भने गत आ.व. २०७९/८० मा करिब रु. ३ खर्ब ८१ अर्ब रहने संशोधित अनुमान गरिएको छ। चालु आ.व. मा यस प्रदेशले राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा ७.०९ प्रतिशत योगदान पुर्याउने प्रारम्भिक अनुमान गरिएको छ। गत आ.व. २०७९/८० मा यस प्रदेशले ७.१३ प्रतिशत

योगदान पुर्याउने संशोधित अनुमान रहेको छ। त्यसैगरी, यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर चालु आ.व. २०८०/८१ मा ३.४१ प्रतिशत हुने प्रारम्भिक अनुमान र गत आ.व. २०७९/८० मा १.५२ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। चालु आ.व. २०८०/८१ मा सुदुरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै (३३.०० प्रतिशत) योगदान कृषि, वन तथा मत्य क्षेत्रको रहने र सबैभन्दा न्यून (०.१३ प्रतिशत) योगदान प्रशासनिक सहयोगी सेवा क्षेत्रको रहने प्रारम्भिक अनुमान रहेको छ। गत गत आ.व. २०७९/८० मा पनि कृषि क्षेत्रको योगदान अग्रस्थान (३२.४५ प्रतिशत) मा हुने प्रारम्भिक अनुमान र प्रशासनिक सहयोगी सेवा क्षेत्रको योगदान अन्तिम स्थान (०.१२) मा रहने संशोधित अनुमान गरिएको छ। सुदुरपश्चिम प्रदेशमा क्षेत्रगत रूपमा हेर्दा चालु आ.व. २०८०/८१ का लागि कुल मूल्य अभिवृद्धि वृद्धिदर सबैभन्दा धेरै (२२.३३ प्रतिशत) आवास तथा भोजन सेवा क्षेत्रको र सबैभन्दा थोरै (-१.८२ प्रतिशत) उत्पादनुमुलक उद्योग क्षेत्रको हुने प्रारम्भिक अनुमान गरिएको छ। त्यसैगरी, गत आ.व. २०७९/८० का लागि कुल मूल्य अभिवृद्धि वृद्धिदर सबैभन्दा धेरै (१७.८१ प्रतिशत) विद्युत क्षेत्रको र सबैभन्दा थोरै (-२.९६ प्रतिशत) थोक तथा खुद्रा व्यापार र मोटर भेहिकल मर्मत क्षेत्रको रहने संशोधित अनुमान गरिएको छ।

४. प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन

चालु आ.व. २०८०/८१ मा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन सबैभन्दा धेरै बागमती प्रदेशको र सबैभन्दा थोरै मधेश प्रदेशको हुने प्रारम्भिक अनुमान रहेको छ। गत आ.व. २०७९/८० मा पनि प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन सबैभन्दा धेरै बागमती प्रदेशको र सबैभन्दा थोरै मधेश प्रदेशको रहने संशोधित अनुमान गरिएको छ। चालु आ.व. २०८०/८१ मा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन यू.एस. डलरमा बागमती प्रदेशको २४८४, गण्डकी प्रदेशको १५५७, कोशी प्रदेशको १३३६, लुम्बिनी प्रदेशको ११५९, सुदुरपश्चिम प्रदेशको ११११, कर्णाली प्रदेशको १०६६ र मधेश प्रदेशको ८९२ हुने प्रारम्भिक अनुमान गरिएको छ। चालु आ.व. २०८०/८१ का लागि राष्ट्रिय तहमा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन यू.एस. डलरमा १४३४ हुने प्रारम्भिक अनुमान गरिएको छ। यस हिसाबले बागमती र गण्डकी प्रदेश बाहेक अन्य प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन राष्ट्रिय औषतभन्दा कम रहेको देखिन्छ। प्रादेशिक प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनसम्बन्धी विस्तृत विवरण चित्र ३ मा प्रस्तुत गरिएको छ।

चित्र ३ प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन



डा. हेम राज रेग्मी

उप प्रमुख तथ्याङ्क अधिकारी तथा प्रवक्ता

राष्ट्रिय तथ्याङ्क कार्यालय

थप जानकारीको लागिः निर्देशक

गणेश प्रसाद आचार्य ९८४३८०४६४४

ऋषि राम सिग्देल ९८४६२२६१८०

२०८१ साल जेष्ठ ९ गते बुधबार

वार्षिक राष्ट्रिय लेखा अनुमानका प्रकाशित तालिकासम्बन्धी प्राविधिक नोट

राष्ट्रिय तथ्याङ्क कार्यालयले तयार गर्ने राष्ट्रिय लेखासम्बन्धी अनुमानहरू संयुक्त राष्ट्रसंघ, तथ्याङ्क आयोगले (United Nations, Statistics Commission) सिफारिस गरेको System of National Accounts, 2008 तथा Eurostat 2013 मा उल्लेखित विधि र अन्तर्राष्ट्रिय स्तरीय वर्गीकरणमा आधारित छन्। राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गर्ने प्रादेशिक राष्ट्रिय लेखाका छ ओटा तालिकाहरूमा प्रयोग भएका केही प्राविधिक शब्द एवम् परिसूचकहरूको संक्षिप्त परिभाषा यस प्रकार रहेको छ।

१ तालिका) कुल मूल्य अभिवृद्धि .१ र २ सँग सम्बन्धित(

कुल उत्पादनमा मध्यवर्ती उपभोग घटाएर बाँकि रहेको मान नै कुल मूल्य अभिवृद्धि हो। कुल उत्पादन भनेको अर्थतन्त्र भित्र निश्चित अवधिमा उत्पादन भएका वस्तु वा सेवाको जम्मा मूल्य हो

भने वस्तु तथा सेवा उत्पादन गर्न प्रयोग गरिएका कच्चा पदार्थ लगायतका वस्तु तथा सेवाको जम्मा खर्चलाई मध्यवर्ती उपभोग भनिन्छ। कुल मूल्य अभिवृद्धिलाई प्रचलित मूल्य र स्थिर मूल्यमा मूल्याङ्कन गरी प्रस्तुत गरिन्छ। सुत्रमा,

कुल मूल्य अभिवृद्धि कुल उत्पादन =- मध्यवर्ती उपभोग

अर्थतन्त्र भित्र सञ्चालित सम्पूर्ण आर्थिक क्रियाकलापबाट उत्पादित कुल मूल्य अभिवृद्धिको योगफल नै उत्पादन विधिबाट निकालिने आधारभूत मूल्यको कुल गार्हस्थ्य उत्पादन (जीडिपी) हो। सुत्रमा,

कुल गार्हस्थ्य उत्पादन आधार)भूत मूल्यमा(= Σ कुल मूल्य अभिवृद्धि

कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा)= Σ कुल मूल्य अभिवृद्धि + उत्पादनमा लागेको कर – उत्पादनमा प्राप्त हुने अनुदान

२ .प्रादेशिक औद्योगिक क्रियाकलापको कुल मूल्य अभिवृद्धिले देशको कुल मूल्य अभिवृद्धिमा पुर्याएको योगदान तालिका)३ सँग सम्बन्धित(

प्रादेशिक औद्योगिक क्रियाकलापको आधारभूत मूल्यको मूल्यको कुल मूल्य अभिवृद्धिलाई देशको सोही कृयाकलापको आधारभूत मूल्यको कुल मूल्य अभिवृद्धिले भाग गरेर उक्त प्रदेशको उक्त औद्योगिक क्रियाकलापले देशको सोही क्रियाकलापको कुल मूल्य अभिवृद्धिमा पुर्याएको योगदान गणना गरिन्छ। सुत्रमा,

$$\text{प्रादेशिक कुल मूल्य अभिवृद्धिको योगदान} = \frac{\text{प्रादेशिक कुल मूल्य अभिवृद्धि}}{\text{देशको कुल मूल्य अभिवृद्धि}} X \text{ १००}$$

यो सूचकबाट देशका प्रदेशहरूले कुन कुन क्षेत्रमा के कति योगदान गरेका छन् भन्ने सूचनाका साथै प्रादेशिक कुल गार्हस्थ्य उत्पादनले देशको कुल गार्हस्थ्य उत्पादनमा पुर्याएको योगदान अनुमान गर्न सकिन्छ।

३ जीडिपीको प्रतिशतको रूपमा .औद्योगिक क्रियाकलापको योगदान तालिका)४ सँग सम्बन्धित(

औद्योगिक क्रियाकलापको आधारभूत मूल्यको मूल्यको मूल्य अभिवृद्धिलाई आधारभूत मूल्यको कुल गार्हस्थ्य उत्पादनले भाग गरेर उक्त औद्योगिक क्रियाकलापको प्रदेशमा योगदान गणना गरिन्छ। सुत्रमा,

$$\text{प्रादेशिक जीडीपीमा योगदान} = \frac{\text{औद्योगिक क्रियाकलापको आधारभूत मूल्यको मूल्यको मूल्य अभिवृद्धि}}{\text{आधारभूत मूल्यको प्रादेशिक जीडीपी}} X \text{ १००}$$

औद्योगिक वर्गीकरण अनुसार जीडीपीको संरचनाको लामो श्रृङ्खलाले अर्थतन्त्रको संरचनामा भएको परिवर्तनको विश्लेषण गर्न मद्दत पुग्दछ। प्रदेशमा कुन औद्योगिक क्रियाकलाप महत्वपूर्ण छ भन्ने कुरा जान्नको लागि कुन औद्योगिक क्रियाकलापले प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा कति योगदान दिन्छ भन्ने कुरा बुझ्नका लागि यो सूचक महत्वपूर्ण मानिन्छ।

४ तालिका) आर्थिक वृद्धिदर .५ सँग सम्बन्धित(

आर्थिक वृद्धिदर भनेको कुनै अर्थतन्त्र भित्र निश्चित समयावधिमा सञ्चालित आर्थिक क्रियाकलापबाट मूल्य अभिवृद्धि भई नयाँ उत्पादन भएका वस्तु तथा सेवाहरूको स्थिर मूल्यमा अघिल्लो अवधिको तुलनामा भएको प्रतिशत परिवर्तन हो। अर्को शब्दमा, आर्थिक वृद्धिदर भनेको अघिल्लो अवधिको तुलनामा प्रदेशको स्थिर मूल्यको कुल गार्हस्थ्य उत्पादन (रियल जीडिपी) मा हुने परिवर्तन हो। प्रदेशको अर्थतन्त्रको अवस्थाको मूल्याङ्कन गर्न यो सूचक प्रयोग गरिन्छ। सुत्रमा,

$$\text{प्रादेशिक आर्थिक वृद्धिदर} = \frac{\text{यस अवधिको रियल प्रादेशिक जीडीपी} - \text{अघिल्लो अवधिको रियल प्रादेशिक जीडीपी}}{\text{अघिल्लो अवधिको रियल जीडीपी}} X १००$$

आर्थिक वृद्धिदर अर्थतन्त्रको गतिशिल अवस्था वा परिवर्तन (Performance) मापन गर्न प्रयोग गरिन्छ। धनात्मक आर्थिक वृद्धिदर अर्थतन्त्र सही दिशामा अगाडि बढेको सङ्केत हो भने ऋणात्मक आर्थिक वृद्धिदर अर्थतन्त्र संकुचनमा गएको सङ्केत हो। दुई भिन्न अर्थतन्त्र बीचको आर्थिक प्रगति तुलनात्मक रूपमा अध्ययन गर्न आर्थिक वृद्धिदरलाई प्रमुख सूचकको रूपमा प्रयोग गरिन्छ। नीति निर्माताअर्थविद ,योजनाकार ,ू तथा पत्रकारहरूले यो सूचक निकै प्रयोग गरेको पाईन्छ।

५ प्रतिव्यक्ति .कुल गार्हस्थ्य उत्पादन तालिका) ६ सँग सम्बन्धित(

प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन भनेको प्रदेशका प्रत्येक बासिन्दाको भागमा पर्ने प्रादेशिक कुल गार्हस्थ्य उत्पादन हो। अर्थतन्त्रका सबै आवासीय एकाइहरूको मूल्य अभिवृद्धिमा उत्पादन कर जोड्ने र उत्पादनमा दिएको अनुदान घटाएर आउने मानलाई सम्बन्धित वर्षको मध्य समयको जनसङ्ख्याले भाग गर्दा आउने सूचकलाई प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन भनिन्छ। सुत्रमा,

$$\text{प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन} = \frac{\text{कुल गार्हस्थ्य उत्पादन}}{\text{मध्य वर्षको जनसङ्ख्या}}$$

यो प्रदेशको समृद्धि नाप्ने सूचक हो। प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनसँगै आर्थिक वृद्धिमा आधारित रहेर प्रदेशको समृद्धिको विश्लेषण गर्न सकिन्छ। प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन प्रदेशका नागरिकको जीवनस्तर मापन गर्न समेत प्रयोग गरिन्छ।

६ कुल गार्हस्थ्य उत्पादन .डिफ्लेटर तालिका)६ सँग सम्बन्धित(

कुल गार्हस्थ्य उत्पादन मूल्य भाजक अर्थात जीडीपी डिफ्लेटर (Deflator) ले आधार वर्षको तुलनामा चालु वर्षमा भएको मूल्य वृद्धिको अनुपात जनाउँछ। अर्को शब्दमा ,जीडीपी मूल्य भाजक आधार वर्षको मूल्यलाई १०० मानी तयार गरिएको मूल्य सूचकाङ्क हो। सुत्रमा,

$$\text{कुल गार्हस्थ्य उत्पादन डिफ्लेटर} = \frac{\text{प्रचलित मूल्यको कुल गार्हस्थ्य उत्पादन}}{\text{स्थिर मूल्यको कुल गार्हस्थ्य उत्पादन}} X \text{ १००}$$

जीडीपी डिफ्लेक्टरले अर्थ व्यवस्थामा औसत मूल्य स्तरहरूमा भएको परिवर्तन देखाउँछ ।त्यसैले, यसलाई मुद्रास्फीति मापनको लागि उपभोक्ता मूल्य सूचकाङ्क (Consumer Price Index-CPI) सँग संयोजनमा प्रयोग गर्न सकिन्छ।

७ .अन्तर्राष्ट्रिय स्तरीय औद्योगिक वर्गीकरण१ तालिका) ,२४,३,,५ र ६ सँग सम्बन्धित(

सम्पूर्ण आर्थिक क्रियाकलापको अन्तर्राष्ट्रिय स्तरीय औद्योगिक वर्गीकरण चौथो संस्करण (International Standards Industrial Classification of all economic activities – ISIC Revision 4) अनुसार वस्तु तथा सेवा उत्पादनका क्रियाकलापलाई २१ वटा मुख्य क्रियाकलापमा वर्गीकरण गरिएको छ। नेपालको सन्दर्भमा २१ वटा औद्योगिक क्रियाकलापमध्ये बाह्य संघसंस्था एवं यसका अङ्गका क्रियाकलाप बाहेक २० वटा क्षेत्र मात्र समावेश गरिएका छन्। पछिल्ला तीनोटा आर्थिक क्रियाकलाप) कला, मनोरञ्जन तथा मनोविनोद; अन्य सेवा प्रदान गर्ने क्रियाकलाप; रोजगारदाताका रूपमा घरपरिवारका घरायसी क्रियाकलाप, आफ्ना प्रयोगका लागि छुट्याउन नसकिने विभिन्न वस्तु तथा सेवा उत्पादन गर्ने क्रियाकलाप रलाई (अन्य सेवाका क्रियाकलापमा समावेश गरी १८ किसिमका आर्थिक क्रियाकलापमा वर्गीकरण गरी तालिका प्रस्तुत गरिएको छ।

यी क्षेत्रलाई प्राथमिक क्षेत्र (Primary Sector), द्वितीय क्षेत्र (Secondary Sector) र सेवा क्षेत्र (Tertiary Sector) गरी तीन बृहत् औद्योगिक समूहमा पनि वर्गीकरण गरिएको छ तालिका) ६(। प्राथमिक क्षेत्र अन्तर्गत कृषि ,वन तथा मत्स्य पालन र खानी तथा उत्खनन् क्षेत्र पर्दछन्। द्वितीय क्षेत्र अन्तर्गत उद्योग , विद्युत् तथा ग्यााँस, पानीको आपूर्ति र निर्माण क्षेत्र पर्दछन् । सेवा क्षेत्र अन्तर्गत थोक तथा खुद्रा व्यापार, अवास तथा भोजन सेवा, यातायात सञ्चार तथा भण्डारण, वित्तीय मध्यस्थता, घरजग्गा कारोवार, पेशागत तथा प्रशासिनक व्यावसायिक सेवा, सार्वजनिक प्रशासन तथा रक्षा, शिक्षा, स्वास्थ्य र अन्य सेवा आदि पर्दछन्।